मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com

# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**जस्पुर,प्यूठान**
**लुम्बिनी प्रदेश, नेपाल**

**प.स २०७८/०७९**
**च.न**

मितिः २०७८/०४/०३

## भेरोशिल खोप लगाउने सम्बन्धि सूचना ।

प्रस्तुत विषयमा कोभिड १९ विरुद्धको खोप अभियान अन्तर्गत भेरोशिल खोपको पहिलो मात्रा खोप लगाउने अभियान अन्तर्गत मिति २०७८ श्रावण ७ र ८ गतेका दिन बिहान १० बजे देखि वेलुका ४ बजे सम्म माण्डवी गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य चौकीमा खोप केन्द्र राखि संचालन हुने भएकोले तपशिल बमोजिमका लक्षित समुहका नागरिकलाई नजिकको पायक पर्ने खोप केन्द्रमा गइ स्वास्थ्य मापदण्डको पुर्ण पालना गरि खोप लगाउन सम्बन्धित सबैको जानकारिको लागि यो सुचना प्रकाशित गरिएको छ

*तपशिल*

लक्षित समुह

१. ५५ वर्ष माथि उमेर समुहका कोभिड बिरुद्धको पहिलो मात्रा लगाउन बाकी सबै नागरिकहरु ।
२. बिश्वविद्यालय, बिद्यालयका प्रध्यापक, शिक्षक तथा कर्मचारीहरु ।
३. सार्बजनिक यातायातका चालक, सहचालक र सहयोगीहरु ।
४. अत्यावश्यक सेवा प्रवाहमा संलग्न ब्यक्तिहरु ।
५. खोप लगाउन अनिबार्य गरेका देशमा जाने नेपालीहरु ।

खोप दिने आधारहरुः

१. उमेरको हकमा : उमेर खुल्ने आधिकारीक प्रमाण पत्रका आधारमा ।
२. बिश्वविद्यालय, बिद्यालयका प्रध्यापक, शिक्षक तथा कर्मचारीहरुको हकमा सम्बन्धित संस्थाको आधिकारीक परिचय पत्रको आधारमा ।
३. सार्बजनिक यातायातका चालक, सहचालक र सहयोगीहरुको हकमा आधिकारिक परिचय पत्र र सवारी साधन नं. सहितको व्यवसायी संघबाट प्राप्त तथ्यगत बिवरण,प्रमुख जिल्ला आधिकारीबाट प्रमाणित सुचिका आधारमा ।
४. अत्यावश्यक सेवा प्रबाह (प्रमुख जिल्ला अधिकारीले तोकेका सेवाहरु ) मा संलग्न व्यक्तीहरुको हकमा आधिकारिक परिचय पत्रका आधारमा ।
५. खोप अनिवार्य गरेका देशमा जाने नेपाली नागरिकको हकमा पासपोर्ट र भिसाका आधारमा ।

२.८.

**महेश के.सी.**
**अधिकृत छैठौं**

'उर्जा,कृषि,शिक्षा,पर्यटन,गाउँवासिको शान
समृद्धि र खुसि जनता माण्डवीको अभियान ।'